# १०. श्री ध.च. गोतामे

*[संवत् २०३६ साल आश्विन १० गते आयोजित समारोहमा 'घामका पाइलाहरू' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०३५ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री ध.च. गोतामेले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्गार । यो उद्गार 'नेपाली' त्रैमासिक अङ्क ८० बाट उद्धृत गरिएको हो ।]*

सम्माननीया रानी जगदम्बाकुमारीज्यू, मदन पुरस्कार गुठीका विद्वान् सदस्यहरू, उपस्थित अन्य विद्वान् विदूषी तथा नेपाली भाषाका स्नेहीहरू !

यति उच्चस्तरीय विद्वद्समूहका सामु मैले दुई शब्द निवेदन गर्ने सौभाग्य पाएकोमा सर्वप्रथम म सबैमा आफ्नो अभिवादन टक्रयाउँदछु ।

आजभन्दा झन्डै दुई दशकअघि मेरा एक निकै हिमचिम भएका साहित्यिक साथीले आफ्नो कुनै कृतिमा 'मदन पुरस्कार' प्राप्त गरेका थिए । हाम्रो देशको यस श्रेष्ठ साहित्यिक पुरस्कारका महत्ताबारे म त्यतिखेरदेखि नै अवगत भइसकेको थिएँ । मैले पनि डराई-डराई मनमा अठोट गरें- कुनै दिन म पनि यस्तो साहित्यिक रचना गरूँला, जसले मलाई नै मदन पुरस्कारबाट सम्मानित गराउला । बीस वर्षदेखिको मेरो त्यो धोको आज पूर्ण भएको छ ।

मेरो उपन्यास 'घामका पाइलाहरू'लाई 'मदन पुरस्कार' प्रदान गरिएकोमा मैले आफूलाई अत्यन्त गौरवान्वित ठानेको छु । मैले आफ्नो अहिलेसम्मको जीवनकालमा पाएको सर्वश्रेष्ठ सम्मान यसलाई भनिठानेको छु । यस महत्त्वपूर्ण पुरस्कारको उपलब्धिले मलाई एकातिर आह्लादित तुल्याएको छ भने, अर्कोतिर किञ्चित् सुर्ता पनि गाँसिदिएको छ- भविष्यमा साहित्य साधनाको एकलब्य प्रयासमा आफूलाई कसरी समर्पित तुल्याऊँ, आफू र भित्र धोरबहुत रहेको सिर्जनात्मक क्षमताको सदुपयोग गरी नेपाली वाङ्मयको कसरी अविछिन्न सेवा गर्न सकूँ ।

हाम्रो जस्तो पछौटे र नितान्त निर्धनताबाट युगौंदेखि पिल्सिएको मुलुकमा साहित्यसाधनामा संलग्न भइरहनु निकै कठिन कार्य हो । बौद्धिक चेतना भएका मानिस अधिकांश मध्यम या निम्नमध्यम वर्गीय साबगासका हुन्छन्- तिनैमध्येबाट

एक समुदाय साहित्य सिर्जनाको प्रक्रियामा सहभागी भएको हुन्छ । उच्च र स्तरीय रचना गर्ने धोको मनमा पालेरै हातमुख जोर्ने सङ्घर्षमा तिनको आधीभन्दा बढी जीवन सुस्तरी हातबाट चिप्लिसकेको हुन्छ र यता आफ्नो मन र मथिङ्गलमा जेनतेन जगेर्ना गरिराखेको साहितियक ऊर्जा पनि रित्तिसकेको हुन्छ । यही कारण हो, निकै प्रखर प्रतिभा भएका सरस्वतीपुत्रहरू, जसले नेपाली भाषा र साहित्यलाई अनुपम देन दिन सक्ने थिए, आफ्नो जीवन धान्ने धपेडीमै टाक्सिए र गए । एक थरी प्रतिभा यसरी खेर गयो भने अर्का थरीलाई सत्ताको लिप्साले लोभ्यायो । पछौटे देशमा महाकवि हुनुभन्दा मन्त्रीपद ओगट्नु र अकिञ्चन लेखन्ते भइरहनुभन्दा राजाको सिन्दूर हालेर सधैं सधुवा भै सत्तामा बसिरहने रहर प्रबल हुँदो रहेछ । यस महत्त्वाकाङ्क्षाले धेरै सिर्जनात्मक प्रतिभाहरूको निर्मम शोषण गरेन भन्न सकिँदैन । म स्वयं पनि यिनै दुई खाले जमातमध्ये कतैपट्टि पर्न जाँदो हुँला भन्ने लाग्दछ ।

यसो भनेर मैले उपस्थित विद्वान्हरूका सामू देशको विद्यमान साहितियक गतिविधिबारे निराशाजनक चित्र मात्र प्रस्तुत गर्न खोजेको होइन । सिर्जनाको स्तरमा देशमा थोरबहुत साहितियक उपलब्धि अवश्य भएको छ, तर ती सब एक किसिमको नैसर्गिक प्रक्रिया जस्तै मलाई लाग्दछ– जसरी बीउ र माटोको संयोगले बेर्ना टुसाउँछ, बिरुवाको रूप लिन्छ र एक दिन स्वतः फुली फक्री केही फलहरू दिएर नष्ट भएर जान्छ । देशको साहित्यलाई मौलाउनका लागि जुन संस्थागत प्रयत्न हुनुपर्ने हो र प्रतिभावान लेखनक्षमता भएकाहरूलाई जसरी सरकारबाट आर्थिक टेवा दिई सत्साहित्यको सिर्जनाका लागि अभिप्रेरित गर्नुपर्ने हो त्यसको कमीले नै नेपाली वाङ्मयको विकासको गति अत्यन्त मन्थर र प्रभावहीन हुन गएको छ । यसैले हाम्रो साहित्य देश र देशवासीहरूको दैनिक जन–जीवनमा अविभाज्य भै गाँसिन सकेको छैन र अझै तिनका बीच तादात्म्य स्थापित हुन निकै उकालो पर्ने देखिन्छ । आजभन्दा चालीस-पचास वर्षअघि जसरी गायक, नृत्यकार र कविहरूलाई छैंटी, पास्नी वा बिहा व्रतबन्धमा आफ्नो कलाको प्रदर्शन गर्न र श्लोक भट्याउन धनीहरूका ढोकामा भेला गराइन्थ्यो, त्यस्तै त नभनूँ, त्यसमा किञ्चित् मात्र सुधार भएको अवस्था अझै हाम्रो देशमा साहितियकहरूको छ । केही सामाजिक वर्गमा अझै कविको प्रचलित चित्र होसुल्याङ, बहुलट्टी र सुद्धिबुद्धि हराएको स्वप्नदर्शीको रूपमा छ भने कथाकारको चाहिँ डुँडुवा, बुद्धिविलास गर्ने र बतासे कल्पनालाई उग्राइरहने चित्र रहेको छ । जबसम्म साहित्य हाम्रो जन–समाजमा नितान्त जीवनोपयोगी आवश्यकता नभई घटिया मनोविनोद र समय कटनीका लागि पढिटोपल्ने सामग्री भइरहनेछ, तबसम्म हाम्रो भाषा र साहित्यलाई आफ्नो दीनहीन अवस्थालाई त्यागेर उँभो उक्सिन धौधौ परिरहनेछ ।

देशको साहित्यबारे यसरी सुर्ताउनु पर्ने अवस्थामा पनि मदन पुरस्कार गुठीद्वारा-प्रेस, पुस्तकालय, पत्रिका र पुरस्कारको व्यवस्थाका लागि चौतर्फी जाँगर देखाएर लामो कालदेखि गरिँदै आएको प्रयास साह्रै स्तुत्य छ। यसका विद्वान् गुठियार महोदयहरू र विशेष गरेर सचिवले आफ्नो सम्पूर्ण समय दिएर नेपाली भाषाको समग्र विकास होस् भनी अहिलेसम्म गरिआउनुभएको प्रयासका लागि हामी सबै नेपाली भाषासेवीहरूले उहाँहरूप्रति प्रशंसा मात्र होइन, कृतज्ञतासमेत व्यक्त गर्नु वाञ्छनीय हुन जान्छ। उहाँहरूकै जिउँदो सङ्कल्पले घोडाको तबेला रहेर वर्षौं उपेक्षित भइरहेको ठाउँ आज माता सरस्वतीको पवित्र मन्दिरको रूप लिन पुगेको छ।

सम्माननीया रानीसाहेबको त म कुन शब्दले गुणानुवाद गरूँ ! नेपाली भाषाको सेवाका लागि समर्पित उहाँको जीवन प्रत्येक नेपालीका लागि अनुकरणीय भएको छ र हामीहरूका लागि उहाँ जगदम्बामाता नै हुनुभएको छ भन्ने मेरो विश्वास छ। त्यसैले दुई-चार राम्रा शब्दमा उहाँको व्यक्तित्व सीमित गर्ने मेरो उद्देश्य छैन।

अब अन्त्यमा केही हरफ पुरस्कृत उपन्यासबारे पनि बोलिहाल्नु यहाँ अप्रासङ्गिक होओइन जस्तो लाग्दछ। साहित्यका सबैजसो विधाहरू सिर्जनाको स्तरमा गएर लेखकका लागि कठिन हुन जान्छन्। किनभने लेखेर पस्किदिँदैमा लेखकको दायित्व समाप्त हुँदैन, पाठकले त्यसलाई स्वस्थ र सुस्वादु भनेर स्वीकार पनि गर्नुपर्ने हुन्छ। 'घामका पाइलाहरू' त्यस किसिमबाट कति सार्थक सिद्ध हुन सक्ला त्यसबारे मैले केही कोट्याइरहनु सट्टा सुविज्ञ पाठकहरूको मत लेखकका लागि शिरोपर हुनेछ।

तर यस उपन्यासबारे आजको यस महत्त्वपूर्ण भेलामा यतिसम्म भनिहाल्ने आँट लिएको छु, त्यो के भने यस कथामा मैले ओढेको यथार्थ होइन अफूले भोगेको यथार्थलाई चित्रण गर्ने प्रयास गरेको छु। उपन्यासले ओगटेको क्षेत्रीय परिवेश मेरो आफ्नै प्रारम्भिक थलो हो जहाँको चर्को घाम र धूलोको मुस्लो खाएर म हुर्किएँ। त्यही (नस्ट्याल्जिया) स्मृतिको युक्त संवेदनालाई कल्पनाको फिनु थाक्रो हालेर हल्काएँ र भाषाको जामा पहिराएर उपन्यासको रूपमा उभ्याएँ।

हाले उपन्यास पढिसकेपछि केही प्रबुद्ध पाठकहरूले आ-आफ्नो रुचिअनुसार यसलाई परम्परागत शैलीतिर कोल्टिएको भनी किटान गरे भने अर्को थरीले यसलाई अत्यन्त आधुनिक र अस्तित्ववादी रचना भनी ठहऱ्याए। साँचो भन्ने हो भने यो लेख्दा मैले कुनै रेखी हालेर लेख्न बसेको थिइनँ, जेजसो मनमा फुर्दै गयो त्यही खुरु-खुरु लेख्दै गएँ। आधुनिक वा पुरातन भन्ने कटारो आइलाग्ला भनी उतर्सिएर, कुनै निर्दिष्ट नापोभित्र पसेर लेख्न बस्नु मेरा लागि असम्भव छ। त्यसले

सारै उकुस-मुकुस हुन जाने मात्र होइन, स्वत: स्फूर्त र अकुण्ठित लेखनद्वारा यथार्थलाई अँगाल्ने प्रक्रियामा अवरोध पनि ल्याउँछ भन्ने मलाई लाग्छ । यो कुरा मेरो पहिलो 'बेत' कै रचनाबाट सबै सुस्पस्ट पार्न नसके तापनि भविष्यका कृतिहरूबाट अरु खुलस्त हुँदै जानेछ ।

पुस्तकाकार रूपमा 'घामका पाइलाहरू' मेरो पहिलो औपन्यासिक कृति भए तापनि यसले ठूलो सम्मान पाएको देखर एउटा कुरा मेरा सामू छलङ्ग भएको छ- चोखो यथार्थलाई लेखकले इमान्दारीपूर्वक आफ्नो–आफ्नो रचनामा अभिव्यक्त गरेको परिश्रम त्यसै खेर जाँदो रहेनछ । यस उपन्यासले पाएको कदरले गर्दा मलाई छिट्टै अरू रचनाहरू पाठकका सामू ल्याउने ठूलो हौसला मिलेको छ । त्यस कार्यमा म प्रारम्भिक रूपले लागि पनि सकेको छु ।

अन्त्यमा सम्माननीया जगदम्बामाता र उपस्थित सबै विद्वान्हरूमा हार्दिक धन्यवाद प्रकट गर्दै म आफ्नो निवेदन यहीं थान्को लाउँछु ।

नेपाली साहित्यको जय होस् !

☒ ☒ ☒